नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार बोर्डको सचिवालय**

बबरमहल, काठमाण्डौ ।
फोन नं. ०१-५३२०३११
०१-५३२०४३३/५६७
फ्याक्स : ०१-५३२०५४३
E-mail :info@feb.gov.np

पत्र संख्या :- ०८१/०८२
चलानी नम्बर :-

मितिः २०८१/१०/१४

## बोर्डबाट प्रदान गरिने सेवा सम्बन्धी जानकारी तथा सूचना प्रवाहका लागि कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव आव्हान गरिएको सूचना ।

सचिवालयबाट प्रदान गरिने सेवाहरुको बारेमा जानकारी एवं प्रचार प्रसार गर्ने उद्देश्यका साथ सातै प्रदेशको राजधानी वा प्रमुख शहरमा उक्त प्रदेशभरिको प्रतिनिधित्व गर्ने मेला, उत्सव, एक्स्पो, महोत्वसव, प्रदर्शनी, फेष्टिवल जस्ता कार्यक्रमहरुमा बोर्डको स्टल राखे, प्रयोजक भई सहकार्य गर्ने एवं स्टलमा शत्र साझेदारी गर्ने गरि कुनै संघ संस्थाबाट प्रस्ताव माग भई आएमा प्रति प्रदेश रु. ५,००,०००/-(पाँचलाख रुपैयाँ) मा नबढ्ने गरि कार्यक्रममा सचिवालयले सहकार्य गर्ने भनी मिति २०८१/०५/१६ को बोर्ड बैठकवाट निर्णय भएको हुँदा उपरोक्त कार्यक्रम सञ्चालन तथा सहकार्य गर्न इच्छुक योग्यता पुगेका संघ-संस्थाहरुबाट तपसिल बमोजिमका शर्तका अधिनमा रहि यो सूचना प्रकाशन भएको ३५ (पैंतिस) दिनभित्र बोर्ड सचिवालयमा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**पेश गर्नुपर्ने कागजात तथा शर्तहरु :-**

१. सञ्चालन गरिने कार्यक्रमको पृष्ठभूमी, उद्देश्य, अपेक्षित उपलब्धी एवं समान प्रकृतिको कार्य गरेको भए सोको प्रतिवेदन, कार्यक्रमको प्रस्तावित मिति र सम्भावित तालिका, बोर्डसंग गर्न सकिने सहकार्यका क्षेत्रहरु समेटिएको प्रस्तावना सहित वोर्ड सचिवालयमा निवेदन पेश गर्नु पर्नेछ।
२. कार्यक्रमको आयोजक, प्रवर्द्धक, समन्वयकारी वा सहयोगी निकायमध्ये कुनै एक सरकारी निकाय भएमा प्राथमिकता दिइनेछ ।
३. प्रस्तावको साथ संस्था दर्ता तथा नवीकरण प्रमाण-पत्र, स्थायी लेखा दर्ता प्रमाण-पत्र, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
४. कार्यक्रममा सहकार्य गरेवापत वोर्डले व्यहोर्नुपर्ने रकम अधिकतम कर सहित रु. ५,००,०००/-(पाँचलाख रुपैयाँ) नबढ्ने गरी प्रस्ताव पेश गर्नुपर्नेछ ।
५. कार्यक्रम चालु आ.व.को जेष्ठ मशान्तभित्र सम्पन्न हुने गरि प्रस्ताव पेश गर्नु पर्नेछ ।
६. कुनै प्रदेशमा एकभन्दा बढी प्रस्ताव पेश हुन आएमा पहिलो प्राप्त प्रस्ताव, प्रदेश स्तरीय कार्यक्रम, विगत वर्षहरुमा सरकारी निकायसंग भएको सहकार्य, न्यूनतम कबोल प्रस्तावलाई आधार मानी छनौट गरिने छ ।
७. एक प्रदेशका बजेटको सीमाभित्र रही एक वा एकभन्दा बढी संस्थासंग सहकार्य गर्न सकिने छ । उक्त प्रदेशका लागि विनियोजित बजेट बमोजिमको रकम सम्झौता भएपश्चात प्राप्त हुने प्रस्ताव उपर कारवाही गरिने छैन ।
८. बाग्मती प्रदेशको हकमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा मिति २०८१ फागुन १६ र १७ गते "राष्ट्रिय रोजगार सम्मेलन-२०८१" सञ्चालन हुन गएकोले वोर्ड सचिवालयबाट उक्त कार्यक्रममा ५ लाख समन्वय गर्ने भएको र गण्डकी प्रदेशमा उक्त कार्यक्रम सम्पन्न हुँदा बाँकी रहेका ५ पाँचवटा प्रदेशहरुबाट मात्र प्रस्ताव आव्हान गरिएको छ ।

(डा.द्वारिका उप्रेती)
कार्यकारी निर्देशक

C:\Users\DELL\Desktop\सम्झौता पत्र-आदर्ष सामुदायिक\बोर्डको सेवा प्रवाह सम्बन्धी सूचना सम्प्रेषण सम्बन्धी सूचना 1.doc